# शान्ति कोष (सञ्चालन) नियमावली, २०६५

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "शान्ति कोष (सञ्चालन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको शान्ति कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम ६ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "प्राविधिक समिति" भन्नाले नियम ९ बमोजिम गठन भएको प्राविधिक समिति सम्झनु पर्छ ।

(घ) "आयोजना" भन्नाले नियम ४ बमोजिमको कुनै काम गर्नको लागि आयोजना कार्यान्वयन निकायद्वारा तयार गरिएको कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "आयोजना कार्यान्वयन निकाय" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि समितिले छनौट गरेको सरकारी निकाय, समुदायमा आधारित संस्था, प्रचलित कानून बमोजिम दर्ता भएको गैर सरकारी संस्था वा प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त अन्तर्राष्ट्रिय संस्था सम्झनु पर्छ ।

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "समुदायमा आधारित संस्था" भन्नाले कोषको काम कारवाईसंग सम्बन्धित क्षेत्रमा काम गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ ।

(च) "विस्थापित" भन्नाले द्वन्द्वबाट विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सचिवालय" भन्नाले कोषको प्रशासन गर्नको लागि नेपाल सरकारले स्थापना गरेको सचिवालय सम्झनु पर्छ ।

परिच्छेद-२

## कोषको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **कोषको स्थापना** : (१) शान्ति कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका नगद तथा वस्तुगत सहायता रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त,

(ख) विदेशी सरकार वा व्यक्ति, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त,

(ग) गैर आवासीय नेपालीबाट प्राप्त,

(घ) अन्तर्राष्ट्रिय च्यारिटीबाट प्राप्त,

(ङ) नेपाली संघ, संस्था वा व्यक्तिबाट प्राप्त,

(च) अन्य श्रोतबाट प्राप्त ।

(३) उपनियम (१) बमोजिम प्राप्त नगद सहायता नेपाल सरकारको केन्द्रीय खातामा जम्मा हुनेछ ।

(४) समितिले उपनियम (३) बमोजिम जम्मा भएको नगद रकम मध्येबाट सचिवालयको प्रशासनिक खर्च र सरकारी निकाय बाहेकका संस्थाबाट सञ्चालन हुने आयोजनाको लागि आवश्यक पर्ने रकम नेपाल सरकारबाट माग गरी कोषको नाममा नेपाल राष्ट्र बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको खाताको सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

४. **कोषको काम, कर्तव्य र अधिकार** : कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विस्थापितको पुनःस्थापना गर्न आवश्यक सहयोग गर्ने,

(ख) संविधान सभा तथा अन्य निकायको निर्वाचन सम्बन्धी कार्यको लागि आवश्यक पर्ने प्राविधिक, नगद तथा वस्तुगत सहायताको प्रबन्ध गर्ने,

(ग) शान्ति सुरक्षा प्रवर्द्धन तथा सुदृढीकरण गर्न आवश्यक पर्ने भौतिक संरचना, यन्त्र, उपकरण, सामग्री, सञ्चार व्यवस्था र तालीमको लागि आवश्यक पर्ने प्राविधिक, नगद तथा जिन्सीको प्रबन्ध गर्ने,

(घ) माओवादी सेनाका लडाकु रहने शिविर व्यवस्थापन र माओवादी सेनाका लडाकुको रेखदेख, समायोजन र पुनःस्थापना गर्न सहयोग गर्ने,

(ङ) शान्ति प्रक्रिया, शान्ति सम्झौता र सो सम्झौतासंग सम्बन्धित अन्य सम्झौताको कार्यान्वयन गर्नको लागि त्यस्तो सम्झौतासंग सम्बन्धित संस्थाको गठन तथा सञ्चालन गर्न सहयोग पुऱ्याउने,

(च) द्वन्द्वबाट प्रभावित व्यक्ति एवं परिवारको पुनःस्थापना गर्न सहयोग पुऱ्याउने,

(छ) कोषको रणनीति, कार्यनीति र आयोजना तथा आयोजना कार्यान्वयन गर्ने निकायको छनौट र सञ्चालन सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई स्वीकृत गर्ने,

(ज) बारुदी सुरुङ्ग र सोसंग सम्बन्धित अन्य विष्फोटक पदार्थ र उपकरण हटाउने तथा नष्ट गर्नको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोगको प्रवन्ध गर्ने र सो कामको लागि तालीमको व्यवस्था गर्ने,

(झ) द्वन्द्वको समयमा क्षतिग्रस्त वा ध्वस्त भएका सरकारी तथा सार्वजनिक भौतिक पुर्वाधारको पुनर्निर्माण, पुनःस्थापना तथा मर्मत सम्भारको लागि आर्थिक र प्राविधिक सहयोगको प्रबन्ध गर्ने,

(ञ) शान्ति स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउन मुलुकभित्र सञ्चालित अन्य कार्यक्रमलाई सहयोग गर्ने,

(ट) नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था स्वदेशी वा विदेशी व्यक्तिबाट कोषलाई आवश्यक पर्ने प्राविधिक, नगद तथा वस्तुगत सहायता स्वीकार गर्ने,

(ठ) आयोजना छनौट गरी स्वीकृत गर्ने,

(ड) आयोजना कार्यान्वयन गर्ने  निकाय छनौट गर्ने,

(ढ) आयोजनाको निरीक्षण, अनुगमन र मूल्यांकन गर्ने, गराउने र त्यस्तो आयोजनाको प्रगति तथा प्रभावको समीक्षा, मुल्यांकन र विश्लेषण गरी चौमासिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने,

(ण) कोषले गर्ने कार्य वा त्यस्तो कार्य अन्तर्गत सञ्चालन गरिने विभिन्न आयोजनाको प्राथमिकता निर्धारण गर्ने,

(त) मुलुकभित्र अन्य स्रोतबाट सञ्चालन हुने शान्ति स्थापना सम्बन्धी काम कारबाहीको समन्वय गर्ने,

(थ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त प्राविधिक, नगद वा वस्तुगत खर्चको विवरण र आयोजनाको भौतिक अवस्था, प्रगति तथा प्रभावको विवरण त्यस्ता सरकार वा संस्थाले माग गरेमा उपलब्ध गराउने,

(द) आयोजना कार्यान्वयनको लागि आवश्यकतानुसार परामर्शदाताको सेवा लिने,

(ध) कोषसंग सम्बन्धित आवश्यक अन्य काम गर्ने ।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागि,-

(१) "विस्थापितको पुनःस्थापना" भन्नाले विस्थापितलाई घर फर्काउने, तत्काल बसोबास गरिरहेको स्थान वा अन्य कुनै स्थानमा पुनःस्थापना गर्ने, व्यावसायिक सीप विकास तालीम दिने, कुनै पेशामा संलग्न गराउने वा विस्थापितका परिवार तथा बालबालिकालाई आवश्यक पर्ने शिक्षा प्रदान गर्ने, आर्थिक सहयोग उपलब्ध गराउने वा सामाजिक सेवा प्रदान गर्ने कार्य सम्झनु पर्छ ।

(२) "निर्वाचन सम्बन्धी कार्य" भन्नाले संविधान सभा तथा अन्य निकायको निर्वाचन सम्बन्धी तालीम, मतदान केन्द्र निर्धारण, मतदाता शिक्षा सञ्चालन, निर्वाचन सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द एवं अन्य सामग्री खरिद, निर्वाचन आयोगद्वारा गरिने निर्वाचनको लागि आवश्यक पर्ने सुरक्षा खर्च, दैनिक तथा भ्रमण भत्ता, निर्वाचनमा खटिने कर्मचारीको वीमा तथा निर्वाचन आयोगको प्रशासकीय खर्चको प्रबन्ध गर्ने कार्य सम्झनु पर्छ ।

(३) "शान्ति सुरक्षा प्रवर्द्धन तथा सुदृढीकण" भन्नाले प्रहरी कार्यालय पुनर्निर्माण, शान्ति  सुरक्षाको लागि आवश्यक पर्ने यन्त्र, उपकरण, सामग्री र सवारी साधन खरिद, शान्ति सुरक्षा सम्बन्धी तालीम, शान्ति सुरक्षाको प्रयोजनको लागि गृह मन्त्रालयले गर्ने प्रचार प्रसार र सो सम्बन्धी अन्य  कार्य सम्झनु पर्छ ।

(४) "शिविर व्यवस्थापन तथा माओवादी सेनाका लडाकुको पुनःस्थापना" भन्नाले माओवादी सेनाका लडाकु बस्ने शिविरमा भवन, सडक, बाटो, खानेपानी तथा सरसफाई, सञ्चार, पहुंच मार्ग जस्ता भौतिक पुर्वाधार निर्माण तथा मर्मत गर्ने; त्यस्तो शिविरमा सामाजिक पुर्वाधारको व्यवस्था, लडाकुको अस्थायी बसोबास, भरणपोषण, प्राथमिक स्वास्थ्य उपचार, शिक्षा, खेलकुद, वृत्तिविकास, व्यावसायिक तथा अन्य प्रशिक्षणको व्यवस्था, समायोजन, पुनःस्थापना र पारिवारिक एवं सामाजिक पुनर्एकीकरणको प्रबन्ध गर्ने कार्य सम्झनु पर्छ ।

(५) "शान्ति प्रक्रिया, शान्ति सम्झौता र सो सम्झौतासंग सम्बन्धित अन्य सम्झौताको कार्यान्वयन" भन्नाले संक्रमणकालीन न्याय, द्वन्द्व व्यवस्थापन, विस्थापित तथा द्वन्द्वबाट प्रभावित व्यक्तिका पारिवारको पुनर्एकीकरण तथा पुर्नसामाजिकीकरण, सो सम्बन्धी जनचेतना अभिवृद्धि, स्थानीय शान्ति समिति लगायतका शान्ति संयन्त्रको स्थापना, सञ्चालन र सुदृढीकरणसंग सम्बन्धित कार्य र विस्तृत शान्ति सम्झौता एवं शान्तिसंग सम्बन्धित अन्य सम्झौतालाई कार्यान्वयन गर्न गरिने कार्य सम्झनु पर्छ ।

(६) "द्वन्द्वबाट प्रभावित व्यक्ति एवं परिवारको पुनःस्थापना" भन्नाले द्वन्द्वबाट आर्थिक, राजनैतिक, सामाजिक वा अन्य कुनै रुपमा प्रभावित व्यक्ति वा परिवारको पुनःस्थापना, पुर्नमिलन, पुनर्सामाजिकीकरण, उनीहरुको कब्जा गरिएको सम्पत्ति फिर्ता गर्ने कार्यमा आवश्यक पर्ने प्रशासकीय तथा प्राविधिक सहयोग, मृत्यु भएको व्यक्तिको आश्रित परिवार, द्वन्दको कारण विधुर वा विधवा भएका व्यक्ति र बारुदी सुरुङ्ग वा अन्य कुनै कारणले घाइते भएका व्यक्तिलाई सहयोग, त्यस्ता व्यक्ति वा परिवारका बालबालिकालाई शैक्षिक छात्रवृत्ति वा स्वास्थ्योपचारको सुविधा, सामाजिक-मनोवैज्ञानिक सहयोग, सामाजिक पुनःस्थापना, तालीम, स्वास्थ्य, पोषण, परामर्श तथा कानूनी सेवा प्रदान गर्ने कार्य सम्झनु पर्छ ।"

५. **कोषको प्रयोग :** कोषलाई प्राप्त भएको प्राविधिक, नगद तथा वस्तुगत सहायता आयोजना सञ्चालन गर्न र सचिवालयको लागि प्रयोग तथा खर्च गरिनेछ ।

## परिच्छेद-३

## समितिको गठन र काम, कर्तव्य तथा अधिकार

६. **समितिको गठन :** कोषको सञ्चालन, रेखदेख र कोषको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम कारबाही गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

(क) शान्ति तथा पुनर्निर्माण मन्त्री -अध्यक्ष
(ख) अर्थ मन्त्री -सह अध्यक्ष
(ग) भौतिक योजना तथा निर्माण मन्त्री -सदस्य
(घ) प्रधानमन्त्रीले तोकेको अन्य दुईजना मन्त्री -सदस्य

(ङ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष -सदस्य

(च) सचिव, गृह मन्त्रालय -सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ज) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय -सदस्य-सचिव

७. **समितिको बैठक** : (१) समितिको बैठक तीन महिनामा एक पटकमा नघटाई आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु अगावै लिखित रुपमा सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकमा पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या भएको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिको सह-अध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले सरकारी तथा संवैधानिक निकायका पदाधिकारी, राजनैतिक दलका प्रतिनिधि, संयुक्त राष्ट्रसंघको महासचिवको प्रतिनिधि तथा सो संघको आवासिय प्रतिनिधि, दातृसंस्थाका प्रतिनिधि र अन्य उपयुक्त ठानेको व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **उच्चस्तरीय शान्ति आयोग गठन गर्न सक्ने** : नेपाल सरकारले आवश्यक देखेमा कोषको काम कारबाहीलाई आवश्यक सहयोग पुऱ्याउन एक उच्चस्तरीय शान्ति आयोग गठन गर्न सक्नेछ ।

## परिच्छेद-४

## प्राविधिक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९. **प्राविधिक समितिको गठन** (१) आयोजनाको छनौट गरी समिति समक्ष सिफारिस गर्ने काम समेतको लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ :-

(क) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय -अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) सह-सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय -सदस्य

(ङ) सह-सचिव, गृह मन्त्रालय -सदस्य

(च) सह-महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको

कार्यालय -सदस्य

(छ) मानव अधिकार तथा महिला विकाससंग सम्बन्धित संस्था, नागरिक समाज, समुदायमा आधारित संस्था, गैर सरकारी संस्था वा सम्बन्धित विशेषज्ञहरु मध्येबाट कम्तीमा एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी प्राविधिक समितिले मनोनयन गरेका दुईजना -सदस्य

(ज) सचिवालयको निर्देशक -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमका सदस्य मनोनयन गर्दा प्राविधिक समितिले आवश्यकतानुसार अवधि तोकी मनोनयन गर्न सक्नेछ ।

१०. **प्राविधिक समितिको बैठक** : (१) प्राविधिक समितिको बैठक दुई महिनामा एक पटकमा नघटाई आवश्यकतानुसार बस्नेछ ।

(२) प्राविधिक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) प्राविधिक समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना प्राविधिक समितिको सदस्य-सचिवले बैठक बस्नु अगावै लिखित रुपमा सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) प्राविधिक समितिको बैठकमा पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या भएको मानिनेछ ।

(५) प्राविधिक समितिको बैठकको अध्यक्षता प्राविधिक समितिको अध्यक्षले र निजको अनुपस्थितिमा प्राविधिक समितिका सदस्यहरुले आफूहरु मध्यबाट छानेको सदस्यले गर्नेछ ।

(६) प्राविधिक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) प्राविधिक समितिले आवश्यकतानुसार सम्बन्धित निकायको प्रतिनिधि, विशेषज्ञ र आयोजना कार्यान्वयन निकायको प्रतिनिधिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) प्राविधिक समितिको बैठकको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(९) प्राविधिक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकार** : यस परिच्छेदमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको रणनीति, कार्यनीति र आयोजना तथा आयोजना कार्यान्वियन गर्ने निकायको छनौट र सञ्चालन सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) आयोजनाको निरीक्षण, अनुगमन, मूल्यांकन प्रगति र प्रभावको समीक्षा र विश्लेषण गर्ने कार्यमा समितिलाई सहयोग गर्ने ।

(ग) आयोजनाको भौतिक एवं वित्तीय स्थिति, प्रगति, आम्दानी तथा खर्चको विवरण तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) अन्य स्रोतबाट सञ्चालन भइरहेको वा हुने शान्ति स्थापना सम्बन्धी कार्यक्रम तथा आयोजनालाई प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) समितिको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

१२. **क्षेत्रगत कार्य समुह सम्बन्धी व्यवस्था** : प्राविधिक समितिले आयोजनाको विस्तृत रुपमा मूल्यांकन गराउने कार्य समेतको लागि आवश्यकतानुसार कोषको कामसंग सम्बन्धित क्षेत्रमा काम गर्ने सरकारी निकाय, विदेशी संस्था, गैर सरकारी संस्थाका प्रतिनिधिहरु समेत रहेको क्षेत्रगत कार्य समुह गठन गर्न सक्नेछ ।

## परिच्छेद-५

## आयोजनाको स्वीकृति तथा रकम निकासा

१३ **प्रस्ताव पेश गर्नु पर्ने** : (१) आयोजना सञ्चालन गर्न चाहने आयोजना कार्यान्वयन निकायले अनुसूची बमोजिमका कुराहरु खुलाई सचिवालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएपछि सचिवालयले त्यस्तो प्रस्ताव प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ ।

१४. **प्रस्ताव मूल्यांकन गर्नु पर्ने** : (१) नियम १३ बमोजिम आयोजना सम्बन्धी प्रस्ताव प्राप्त भएपछि प्राविधिक समितिले त्यस्तो प्रस्तावको विस्तृत मूल्यांकन गर्नको लागि सो प्रस्ताव नियम १२ बमोजिमको सम्बन्धित क्षेत्रगत कार्य समूहमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित क्षेत्रगत कार्य समूहले यस नियमावली बमोजिम स्वीकृत मापदण्ड तथा निर्देशिका बमोजिम त्यस्तो प्रस्तावको प्राविधिक, आर्थिक तथा सामाजिक पक्षको मूल्यांकन गर्नेछ र त्यसरी मूल्यांकन गर्दा त्यस्तो आयोजना सञ्चालन गर्न उपयुक्त देखिएमा सोही व्यहोराको सिफारिस प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि प्राविधिक समितिले त्यस्तो प्रस्तावको औचित्यता, लागत, प्राविधिक गुणस्तर, उपयुक्तता तथा उपलब्ध आर्थिक स्रोतका सम्बन्धमा मूल्यांकन गर्नेछ । यसरी मूल्यांकन गर्दा प्राविधिक समितिले प्रस्तावको मूल्यांकन गर्न क्षेत्रगत कार्य समुहमा प्रस्ताव नपठाएको अवस्थामा उपनियम (२) बमोजिम प्रस्तावको मूल्यांकन समेत गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम गरिएको मूल्यांकनबाट त्यस्तो आयोजना सञ्चालन गर्न उपयुक्त देखिएमा प्राविधिक समितिले त्यस्तो आयोजना सञ्चालन गर्न समिति समक्ष सिफारिस गर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राविधिक समितिले सिफारिस गरे बमोजिम आयोजना सञ्चालन गर्न उपयुक्त देखिएमा समितिले त्यस्तो आयोजना स्वीकृत गर्नेछ ।

१५. **सम्झौता गर्नु पर्ने** : नियम १४ को उपनियम (५) बमोजिम समितिबाट आयोजना स्वीकृत भएपछि समितिले तोकेको ढाँचामा सचिवालय र आयोजना कार्यान्वयन निकायबीच आयोजना सञ्चालन गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्नेछ ।

१६. **रकम माग गर्नु पर्ने** : (१) नियम १५ बमोजिम सम्झौता भएपछि आयोजना कार्यान्वयन निकायले आयोजना सञ्चालन गर्नको लागि सो सम्झौताको प्रमाणित प्रतिलिपि र खर्च गर्ने अख्तियारी सहित सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय समक्ष रकम निकासा माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम रकम माग गरेपछि आयोजना कार्यान्वयन गर्ने निकायले सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रकम निकासाको लागि लेखी आएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रचलित कानून बमोजिम सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकायलाई रकम निकासा दिनु पर्नेछ ।

१७. **कोषको रकम खर्च गर्ने कार्यविधि** : आयोजना कार्यान्वयन गर्ने निकायले कोषबाट प्राप्त नगद तथा जिन्सी खर्च गर्दा प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनको रित पुर्‍याई खर्च गर्नु पर्नेछ ।

१८. **सम्झौता बमोजिम खर्च गर्नु पर्ने** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दातृ पक्षबाट प्राप्त सहायता रकम खर्च गर्ने सम्बन्धमा कोष र दातृ पक्षसंग कुनै सम्झौता भएको भए आयोजना कार्यान्वयन गर्ने निकायले त्यस्तो सहायता रकम खर्च गर्दा सोही सम्झौता बमोजिम गर्नु पर्नेछ ।

१९. **पेश्की रकम दिन सक्ने** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नियम ४ को खण्ड (घ) बमोजिको काम गर्ने आयोजनाको लागि सचिवालयले नियम ३ को उपनियम (३) बमोजिमको केन्द्रीय खातामा जम्मा भएको रकम मध्येबाट आयोजना कार्यान्वयन निकायलाई आवश्यक रकम पेश्की दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पेश्की आयोजना कार्यान्वयन निकायले प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम फछ्र्यौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) बमोजिम पेश्की दिएको रकम फछ्र्यौट नहुँदै आयोजना सञ्चालन गर्न आयोजना कार्यान्वयन गर्ने निकायलाई थप पेश्की दिन सकिनेछ ।

२०. **सोधभर्ना लिन सक्ने** : आयोजना कार्यान्वयन निकायले प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम आयोजनाको खर्चको विवरण र मासिक प्रगति विवरण पेश गरी आयोजना सञ्चालन गर्दा भएको खर्च सचिवालयसंग सोधभर्ना लिन सक्नेछ ।

२१. **खर्चको लेखा राख्नु पर्ने** : (१) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना सञ्चालन सम्बन्धी खर्चको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्ने निकायले मासिक रुपमा खर्चको फाँटवारी कोषमा पठाउनु पर्नेछ ।

(३) दातृ पक्षले कुनै शर्त राखी उपलब्ध गराएको रकम वा वस्तुगत सहायताको लेखा आयोजना कार्यान्वयन गर्ने निकायले सो उद्देश्य र प्रयोजन खुल्ने गरी राख्नु पर्नेछ ।

२२. **<u>विवरण तथा प्रतिवेदन पेश गर्नु पर्ने</u>** : (१) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना सम्बन्धी आफ्नो प्रगति विवरण र प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कोष समक्ष पेश गर्नु
पर्नेछ ।

(२) सचिवालयले कोषमा विभिन्न स्रोतबाट प्राप्त प्राविधिक, नगद तथा वस्तुगत सहायताको विवरण र त्यस्तो सहायताको खर्चको हिसाब समितिले निर्धारण गरेको ढाँचामा राखी प्रत्येक चार चार महिनामा सार्वजनिक गर्नु पर्नेछ ।

२३. **<u>रकम फ्रिज नहुने</u>** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस नियमावली बमोजिमको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

२४. **<u>लेखापरीक्षण</u>** : (१) आयोजनाको लेखाको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी निकाय बाहेकका संस्थाबाट सञ्चालन भएका आयोजनाको लेखाको आन्तरिक लेखापरीक्षण कोषले बाह्य विशेषज्ञ नियुक्त गरी लेखापरीक्षण गराउन सक्नेछ ।

(३) आयोजनाको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्दा बेरुजु देखिएमा सो बेरुजुको लागि आयोजना कार्यान्वयन गर्ने निकायको प्रमुख र उपनियम (२) बमोजिम लेखापरीक्षण गर्दा बेरुजु देखिएमा सो बेरुजुको लागि त्यस्तो संस्थाको प्रमुख र सचिवालयको निर्देशक जिम्मेवार हुनेछ ।

(५) कोषको आय व्ययको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६

## <u>विविध</u>

२५. **<u>कोषको सचिवालय</u>** : कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

२६. **<u>निर्देशक :</u>** (१) कोषको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक निर्देशक रहनेछ ।

(२) मन्त्रालयले तोकेको सो मन्त्रालयको सह-सचिवले निर्देशकको रुपमा काम गर्नेछ ।

(३) निर्देशकको अन्य काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

२७. **<u>सचिवालयको कर्मचारी</u>** : सचिवालयमा देहाय बमोजिमका कर्मचारीहरु रहने छन् :-

(क) वित्तीय व्यवस्थापन अधिकृत (उपसचिव सरह) १

(ख) कार्यक्रम व्यवस्थापन अधिकृत (उपसचिव सरह) १

(ग) अनुगमन तथा मूल्यांकन अधिकृत (उपसचिव सरह) १

(घ) प्रशासकीय अधिकृत (शाखा अधिकृत सरह) १

(ङ) कम्प्यूटर अपरेटर ३

(च) हलुका सवारी चालक १

(छ) कार्यालय सहयोगी ३

(२) सचिवालयका कर्मचारीको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

२८. **स्वीकृति आवश्यक नपर्ने** : यस नियमावली बमोजिम समितिले स्वीकृत गरेको आयोजना सञ्चालन गर्नको लागि अन्य कुनै निकायको स्वीकृति आवश्यक पर्ने छैन ।

२९. **कोषको प्रशासकीय खर्च** : एक आर्थिक वर्षमा कोषलाई प्राप्त भएको रकमको एक प्रतिशत रकममा नबढाई कोषको प्रशासकीय काममा समितिले स्वीकृत गरेको बजेटको अधिनमा रही खर्च गर्न सकिनेछ ।

३०. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार प्राविधिक समिति वा सचिवालयको निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. **अभिलेख राख्नु पर्ने** : (१) कोषले आफूले गरेको काम कारबाहीको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखेको अभिलेख कोष विघटन भएपछि सचिवालयले मन्त्रालयमा बुझाउनु पर्नेछ ।

३२. **कोषको कार्यावधि** : (१) कोषको कार्यावधि कोष स्थापना भएको मितिले तीन वर्षको हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो अवधिसम्म यस नियामावली बमोजिमको काम सम्पन्न नभएमा नेपाल सरकारले कोषको कार्यावधि अर्को तीन वर्षसम्म थप गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमको अवधि समाप्त भएपछि कोष स्वतः विघटन हुनेछ ।

(४) उपनियम (३) बमोजिम कोष विघटन हुँदा कोषमा कुनै रकम बाँकी भएमा त्यस्तो रकम संचित कोषमा दाखिला गरिनेछ ।

३३. **खारेजी र बचाउ** : (१) शान्ति कोष सञ्चालन (कार्यविधि) नियमावली, २०६३ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

आयोजना सम्बन्धी प्रस्तावमा खुलाउनु पर्ने कुराहरु

आयोजना प्रस्ताव गर्दा मुलभूत सारांश सहित निम्नलिखित कुराहरु खुलाउनु पर्नेछ :-

१. आयोजनाको सामान्य पृष्ठभूमि,

२. आयोजनाको उद्देश्य,

३. कोषको सहयोगमा पहिले कुनै आयोजना सञ्चालन गरेको भए त्यस्तो आयोजनाको वर्तमान अवस्था र प्रगति विवरण,

४. आयोजनाको संक्षिप्त विवरण (नाम, कार्यक्षेत्र, जिम्मेवार व्यक्ति, प्रारम्भ र सम्पन्न हुने मिति, लाभग्राहीको विवरण, अन्य स्रोतबाट प्रस्तावित आयोजनासँग मिल्दो उद्देश्यको आयोजना सञ्चालन गरेको भए त्यस्तो आयोजनाको विवरण),

५. आयोजना सञ्चालन सम्बन्धी योजना तथा चौमासिक कार्यक्रम,

६. आयोजनाको संस्थागत संरचना र कर्मचारी व्यवस्था,

७. आयोजनाको अनुमानित चौमासिक प्रतिफल (सम्भव भएसम्म परिमाणात्मक रुपमा उल्लेख गर्नु पर्ने),

८. आयोजनाको अनुमानित लागत (क्रियाकलापगत चौमासिक रुपमा विभाजन सहित),

९. आयोजनाको अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था,

१०. आयोजनाको स्थिति (भौतिक तथा वित्तिय प्रगति समेत),

११. आयोजनाको दिगोपना,

१२. आयोजना सञ्चालन गर्दा पर्न सक्ने जोखिम तथा चुनौती र त्यसको समाधानका उपाय,

१३. अन्य आवश्यक कुराहरु ।